# Micro-enterprise Development Training

## Sharawan 25, 2076 Regional Office, Pokhara, Kaski




निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड क्षेत्रीय कार्यालय पोखराको आयोजनामा २०७६ श्रावण २५ गते होटल न्यु इरा पोखरामा" **Micro-enterprise Development Training**" सम्पन्न गरिएको छ ।

उक्त तालिममा संस्थाको केन्द्रीय कार्यालयबाट सहायक महाप्रबन्धक श्री राज नारायण दास, मुख्य ब्यवस्थापक श्री राम बहादुर चौधरी, क्षेत्रीय कार्यालयबाट क्षेत्रीय प्रमुख श्री नारायण प्रसाद न्यौपाने, कार्यक्रम अधिकृत श्री दामोदर पाठक र बिशेषज्ञ प्रशिक्षकहरुको उपस्थितिमा पोखरा क्षेत्रीय कार्यालय अन्तर्गतका शाखा कार्यालयहरुका १५ जना शाखा प्रमुखहरुको सहभागिता रहेको थियो ।



तालिममा संस्थाको हालको लघुउद्यम कर्जाको अवस्था, आवश्यकता र महत्व, संस्थाको हालको कर्जा जोखिमको अवस्था र यसलाई न्यून गर्न लिनुपर्ने रणनितीहरु, लघुउद्यम कर्जा सम्बन्धी आवश्यक कागजात तथा यसको कानूनी कार्यान्वयन, कर्जाको बजारीकरण, परियोजना बिश्लेषण, ग्राहक पहिचान किस्ता निर्धारण, जग्गा नापजांच, जग्गाको किसिम, नक्सा हेर्ने बिधि, नक्सा बमोजिम जग्गा छुट्याउने बिधि लगायत नक्सासंग सम्बन्धित बिबिध बिषयहरु, जग्गाधनि पुर्जाका प्रकार, जग्गाको स्वामित्व, किर्ते जालसाजी, तमसुकका प्रकार,

दृष्टीबन्धक तमसुक, जग्गा रोक्का-फुकुवा लगायतका बिषयहरुमा तालिम प्रदान गरिएको थियो । तालिममा सहभागिहरुलाई प्रयोगात्मक रुपमा लघुउद्यम कर्जा निबेदन भर्न लगाई धितो बिश्लेषण, परियोजना बिश्लेषण, आम्दानी खर्च बिश्लेषण र वित्तीय योजना बनाउन लगाई सो को आधारमा DSCR हिसाव गरि कर्जा सिफारिस गर्ने बिधि सम्बन्धमा छलफल गरिएको थियो ।